# विगु गाउँपालिकाको आ.व. २०७९/८० को नीति तथा कार्यक्रम

**विगु गाउँपालिका**

**लादुक,दोलखा**

**वागमती प्रदेश,नेपाल**

## मिति २०७९/३/१० गते गाउँसभामा उपाध्यक्ष श्री देविका थामीले प्रस्तुत गर्नुभएको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम

**आदरणीय सभा अध्यक्ष एवं सभा सदस्यज्यूहरु,**

१. भर्खरै सम्पन्न स्थानीय तहको निर्वाचन मार्फत यस सभाको उपाध्यक्षको हैसियतले आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा म गौरवान्वित भएको छु। यस अवसरमा इतिहासका विभिन्न कालखण्डमा भएका जनआन्दोलन, जनयुद्ध एवं २०६२/२०६३ को जनआन्दोलन लगायतका विभिन्न आन्दोलन र संघर्षको क्रममा राष्ट्र, राष्ट्रियता र राष्ट्रिय सार्वभौमिकताका लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नुहुने महान शहिदप्रति भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछु।

२. संघीय लोकतान्त्रिक गणतन्त्रात्मक नेपाल निर्माणसम्मको चरणमा आइपुग्दा घाइते, बेपत्ता पारिएका व्यक्ति र शहिद परिवारप्रति आजको यस सभा मार्फत गहिरो दुःख तथा हार्दिक समवेदना र सहानुभुति व्यक्त गर्न चाहन्छु। मुलुकको राजनैतिक, आर्थिक एवं सामाजिक परिवर्तनमा युगान्तकारी रुपमा नेतृत्वदायी भूमिका खेल्नु हुने अग्रज नेताहरुप्रति हार्दिक सम्मान प्रकट गर्न चाहन्छु।

३. संघीय लोकतान्त्रिक व्यवस्था पछि भौतिक पूर्वाधार (विद्युत, सडक, कृषि, स्वास्थ्य) का क्षेत्रमा उपलब्धीहरु हासिल भएका छन्। भौगोलिक विकटता, यातायात सहज नभएर ढुवानीमा जटिल समस्या लगायत आवश्यक विषयगत दक्ष र पर्याप्त जनशक्तिको अभाव हुँदाहुँदै शान्त, सभ्य, सम्वृद्ध, खुशी र सुखी विगु निर्माण गर्न अझै धेरै प्रयास गर्नुनै छ। हाम्रो प्रयासलाई सार्थक बनाउन आम नागरिक, यस पालिकामा कार्यरत सम्पूर्ण कर्मचारीहरुले ठूलो योगदान दिइरहनु भएको छ।

४. यस गाउँपालिकाको सामाजिक, आर्थिक, भौतिक, मानव संसाधान विकास र सुशासन कायम गरी नागरिकको गुणस्तरीय र सुखी जीवनशैलीको विकास गर्न आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम परिलक्षित गरिएको छ। आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम तर्जुमा गरिरहँदा यस गाउँपालिकालाई समुन्नत, सम्वृद्ध, आत्मनिर्भर बनाउने खालका नीति कार्यक्रम तथा योजनाहरुलाई प्राथमिकता दिइएको छ। जनताबाट प्रत्यक्ष माग भएका योजना तथा कार्यक्रमहरु समावेश गरी यस गाउँपालिकामा देखिएका सम्भावना र अवसरलाई मध्यनजर गर्दै नीति तथा कार्यक्रम तय गरिएको व्यहोरा अवगत गराउन चाहन्छु।

५. सबै वर्ग, क्षेत्र, जातजातिलाई विकासको मूलप्रवाहमा समावेश गरी आपसी एकता पारस्परिकता कायम राखी सम्वृद्ध विगु, सुखी विगुबासी भन्ने उद्देश्य साकार पार्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा मूलप्रवाहीकरण गर्नका लागि यस नीति तथा कार्यक्रमले हामीलाई मार्गदर्शन तथा पर्याप्त आधार तय गर्नेछ भन्ने विश्वास लिएको छु। यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा सहअस्तित्व, समन्वय र सहकार्यका लागि हार्दिकतापूर्वक अनुरोध गर्दछु।

अब म समृद्ध विगु, सुखी विगुबासीका लागि कृषि र पर्यटन हाम्रो सम्पत्ति भन्ने दीर्घकालीन सोचका साथ तयार गरिएको आ.व.२०७९/०८० को नीति तथा कार्यक्रम प्रस्तुत गर्न गईरहेको छु।

**अध्यक्षज्यू, अब म क्षेत्रगत नीति तथा कार्यक्रमहरुलाई क्रमैसंग प्रस्तुत गर्दै जाने अनुमति चाहन्छु।**
**आर्थिक विकास नीति :**

- **जातिय, धार्मिक, साँस्कृतिक, भौगोलिक विविधतासहितको एकतावद्ध विगु, पर्यटनको बहुमूल्य सम्पत्ति**लाई सार्थक बनाउन यस पालिकाभित्र रहेका मठमन्दिर, भुमेथान, माने, गुम्बा, घाट लगायतका धार्मिक, सांस्कृतिक, ऐतिहासिक स्थल, प्राकृतिक सम्पदाको संरक्षण, सम्वर्द्धन, प्रवर्धन गरी यहाँको भौगोलिक विविधतालाई बहुमूल्य सम्पत्तिको रुपमा मानी एकिकृत योजना तर्जुमा तथा कार्यान्वयन गरी विगु गाउँपालिकालाई पर्यटकीय गन्तव्य र पर्यटकहरुको आकर्षणको केन्द्रको रुपमा विकास गरिनेछ । साथै पुन निमार्ण हुन बाँकी रहेका धार्मिक सम्पदाहरुको पहिचान गरी निमार्णमा जोड दिइने छ ।
- प्रत्येक वडालाई अलग रुपमा कृषिजन्य तथा फलफूलजन्य नगदेबालीको आवश्यकताको आधारमा पकेट क्षेत्र घोषणा गरी विकास गरिनेछ। कृषि क्षेत्र, कृषकको वर्गिकरण गरी कृषि प्रणालीलाई वैज्ञानिक तरिकाले आधुनिकिकरण गरिनेछ।
- **बाँझो जमिनको प्रयोग, कृषि उत्पादनमा सहयोग** भन्ने सोचलाई आत्मसात गर्दै बाँझो जमिनको लगत संकलन गरी भूमि बैंकको स्थापना गरिने छ। बाँझो जमिन राख्ने प्रचलनलाई अन्त्य गरी सामूहिक खेती तथा पशुपालन कार्यलाई प्राथमिकता दिइने छ । **हाम्रो पालिका हामी बनाऔं** भन्ने अभियानलाई अगाडि बढाइने छ ।
- अर्गानिक कृषि प्रणालीलाई प्रवर्द्धन गर्न जैविक मल, प्राङगारिक मल बनाउन, गड्यौंला मल प्रविधिलाई जोड दिइने छ। अर्गानिक कृषि उपज मात्रा उत्पादन गर्ने कृषक तथा समूहलाई सुनौलो कृषक पुरस्कारबाट सम्मान गरिने व्यवस्था मिलाईने छ ।
- एक वडा एक कृषि बाली कार्यक्रम संचालन गरिनेछ।
- कृषि यान्त्रिकिकरणका लागि निजी तथा सहकारी क्षेत्रसँग समन्वय, सहकार्य तथा साझेदारी नीति अवलम्वन गरी कृषिजन्य सामाग्री किसानको आवश्यकता र मागको आधारमा अनुदान मापदण्ड तयार गरी प्रदान गरिने छ।
- **पशुपालनको लागि उचित स्याहार, आहार, स्वरोजगार तथा आयआर्जनको बहार** भन्ने लक्ष्य राखी भूईं तथा डाले घाँस क्षेत्र स्थापना गरी व्यवसायिक पशुपालनतर्फ आत्मनिर्भर बन्न आकर्षित गरिने छ ।
- खाद्य सुरक्षाको जोखिममा रहेका घरधुरीहरुलाई समूह तथा सहकारीमा आवद्ध गराईने छ ।
- यस पालिकामा स्वस्थ मासु, मासुजन्य पदार्थ, अण्डा विक्रिवितरणको लागि आवश्यक मापदण्ड बनाई लागू गरिने छ ।
- यस पालिकामा कृषि उपजका मूख्य बालीहरुको न्यूनतम समर्थन मूल्य कायम गरी कृषिजन्य उत्पादनहरुको संघीय, प्रदेश सरकारको समन्वयमा खरीद एवं भण्डारण गर्ने व्यवस्था मिलाईने छ। साथै नयाँ परिकार उत्पादन सम्बन्धी प्राविधिक तालिमको व्यवस्था गरी नयाँ परिकार बनाई विक्रि वितरणको व्यवस्था मिलाईने छ ।
- यस गाउँपालिकाभित्र एक आधुनिक शीत भण्डारण केन्द्र (चिस्यान केन्द्र) को व्यवस्था गरिने छ। आगामी दुई वर्षमा आवश्यकताको आधारमा वडागत रुपमा शीत भण्डारण, दुध संकलन केन्द्र तथा चिस्यान केन्द्रको निर्माण गरी कृषि उपजको विक्रि वितरणका लागि कृषि बजारको व्यवस्था मिलाईने छ ।
- कृषि तथा पशुपालन तथ्यांकको व्यवस्थापन, कृषि सामाग्री आपूर्ति, कृषकहरुको क्षमता विकास साथै कृषि, पशुजन्य प्राकृतिक प्रकोप, महामारी नियन्त्रण तथा रोकथामका लागि आवश्यक बजेट विनियोजन गरी कार्यक्रमहरु सञ्चालन गरिने छ । साथै आवश्यकताको आधारमा मल आपूर्ति, वितरण प्रणालीलाई सर्वसुलभ र सहज बनाईने छ ।साथै उन्नत जातको पशु पालनमा गरीव तथा विपन्नको पहिचान गरी विशेष अनुदानमा साझेदार गरिने

छ ।

- रैथाने तथा उन्नत बीऊ विजनका लागि नर्सरी तथा बीऊ विजन बैंक स्थापना गरिने छ । साथै मौसमी तथा बेमौसमी बीऊ विजन सर्वसुलभ बनाईने छ ।
- माटो परीक्षणको आधारमा कृषि प्रणालीको दीगो विकासलाई अगाडि बढाइने छ ।
- कृषि पर्यटन, कृषि, पशुजन्य उत्पादनको प्रववर्द्धन तथा बजारको विकास तथा विस्तार गर्न सरकारी, गैह्रसरकारी तथा अन्य संघ, संस्थाको साझेदारी र सहकार्यमा विगु कृषि मेला प्रदर्शनी आयोजना गरिने छ ।
- पशु तथा कृषि बालीको बीमा कार्यक्रमलाई अभियानको रुपमा सञ्चालन गरिने छ ।
- पशु, कृषि शिक्षाको प्रवर्द्धन तथा यस क्षेत्रको विकास गर्न सक्षम प्राविधिक जनशक्ति उत्पादनको लागि शिक्षाको गुणस्तरमा जोड दिईने छ ।
- कृषकको घर घरमा प्राविधिक सेवा भन्ने सोचलाई कार्यगत रुपमा उतारिनेछ । साथै कृषि तथा पशु प्राविधिकको वस्तुगत मूल्यांकन तथा सिफारिसको आधारमा कृषकलाई अनुदान दिईने छ ।
- आधुनिक घर, गोठको निर्माण गरी पशुपालनलाई व्यवसायिक बनाईने छ ।
- पर्यटन क्षेत्रको विकास र प्रवर्द्धनका गर्न पर्यटनमैत्री पूर्वाधारको निर्माण कार्यमा जोड दिईनेछ । साथै पर्यटनमा आधारित युवा स्वरोजगार तयार गर्न आवश्यक तालिम, प्रशिक्षण, अध्ययन अवलोकन भ्रमणको व्यवस्था मिलाईने छ ।
- यस पालिकाभित्र रहेका प्राकृतिक स्रोत, जडिबुटी, खनिज पदार्थहरुको सम्भाव्यता अध्ययन गरी आर्थिक समृद्धिको यात्रालाई मजबुत बनाईने छ ।
- बैदेशिक रोजगारीमा जाने आउने व्यक्तिहरुलाई लक्षित गरी तालिम, सीप विकास, भाषा, अभिमुखिकरण, प्रशिक्षण कार्यक्रम सञ्चालन गरिने छ ।
- यस पालिकाका लक्षित वर्गका युवा(महिला, पुरुष, अपांगता भएका व्यक्ति, दलित, जनजाति)हरुलाई लक्षित गरी शिक्षक सेवा तथा लोकसेवा पूर्वतयारी कक्षा सञ्चालन गरिने छ ।
- स्वरोजगार कार्यक्रमलाई प्रोत्साहन तथा आर्थिक विकासमा टेवा पु¥याउनको लागि लागानीकलाई आकर्षित गर्ने उद्देश्यले यस आ.व.मा लगानी सम्मेलन कार्य सम्पन्न गरिने छ ।
- पर्यटन क्षेत्रको विकास तथा विस्तारको लागि पर्यटकीय गन्तव्य पहिचान सहितको वृत्तचित्र निर्माण गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरसम्म पुग्ने गरी प्रचार प्रसार कार्यलाई व्यवापक बनाईने छ ।
- पर्वत आरोहण कार्यको लागि पर्यटन पुर्वधारको विकासमा जोड दिईने छ ।
- युवा स्वरोजगार अभिवृद्धि गरी गरिवी न्यूनीकरण गर्न सहकारी संस्था, बैंकहरुसँग समन्वय गरी बिना धितो सहुलियत पूर्ण ऋृण लागानी गर्न पहल गरिने छ ।
- सहासिक पर्यटनको गन्तव्यको रुपमा यस गाउँपालिकाको परिचय हुने किसिमले योजना तथा कार्यक्रम सञ्चालन गरिने छ ।
- सिञ्चित क्षेत्र विस्तार गरी कृषि उत्पादकत्व वृद्धि गर्न लिफ्ट सिंचाई, थोपा सिंचाई, सोलारको माध्यमबाट सिंचाईको व्यवस्था जस्ता कार्यक्रमलाई सञ्चालन गरिने छ ।
- **उद्यमीको हात, स्थानीय सरकारको साथ** भन्ने सोचका साथ स्थानीइ आर्थिक वृद्धि विकासमा युवा परिचालन गरिने छ ।
- समृद्ध विगुको आधार, पर्यटनमैत्री पूवार्धार भन्ने मूल नारालाई साकार पार्न पर्यटन क्षेत्रको व्यवसायिकता पहिचान गरी पर्यटन विकासलाई प्राथमिकता दिईने छ ।
- जीपलाईन, साहसिक (रक क्लाइमिङ) खेलको लागि सम्भाव्यता अध्ययन गरी आवश्यकताका आधारमा विकासका लागि तालिमको व्यवस्था गरिने छ ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु,**

अब म सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, खानेपानी तथा सरसफाई, भाषा तथा सँस्कृति, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण, युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु ।

- **उपाध्यक्षको ईच्छा-छोरी, बुहारीलाई उच्च तथा प्राविधिक शिक्षा-** भन्ने उच्च आकाँक्षालाई सार्थक बनाउन यस गाउँपालिकामा स्थायी बसोबास भएका छात्राहरुलाई उच्च तथा प्राविधिक शिक्षा हासिलका लागि छात्रवृत्ति प्रदान गरिने छ ।
- **बाल तथा बहु विवाहमुक्त हाम्रो पालिका** बनाउने लक्ष्यलाई सार्थक तुल्याउन समुदायस्तरमा सचेतना, अभिमुखीकरण तथा अभियानहरु सञ्चालन गरिनेछ ।
- अनाथ, असहाय, अशक्त, मानसिक सन्तुलन गुमाएका व्यक्ति, लैङ्गिक हिंसा प्रभावित व्यक्तिहरुको लागि संघ, प्रदेश सरकार तथा अन्य गैह्रसरकारी संघ संस्थाहरुसँग समन्वय तथा सहकार्यमा अल्पकालीन संरक्षण तथा सुरक्षा आवास केन्द्रको स्थापना तथा संरक्षण अभियान कार्यक्रम सञ्चालन गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरिने छ ।
- लैङ्गिक हिंसा निवारण कोष स्थापना, सञ्चालनका लागि कोष कार्यान्वयन समिति गठन गरी कोष सञ्चालनमा ल्याईने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी रणनीति बनाई कार्यान्वयनमा ल्याईने छ ।
- लैससास कार्यान्वयनका लागि आवश्यक खण्डिकृत तथ्यांक संकलन तथा हरेक वर्ष अद्यावधिक गर्ने र सो को लागि बजेटको व्यवस्था गरिने छ ।
- लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको (लैससास) लेखाजोखा (अर्डिट) गराइने व्यवस्था मिलाईने छ ।
- महिलाहरुको आवश्यकताको आधारमा सीप, क्षमता, दक्षता र उत्पादनमा आधारित आयआर्जन वृद्धिका लागि विशेष कार्यक्रम तथा प्रतिष्पर्धा गराई उत्कृष्टताको आधारमा पुरस्कृत तथा सम्मान गर्ने र सो को लागि बजेट विनियोजन गरिने छ ।
- महिलाहरुको पाठेघरको मुखको संक्रमण तथा पाठेघर खस्ने समस्या सम्बन्धी निःशुल्क विशेषज्ञ सहितको शिविर सञ्चालन गर्ने । साथै सो को लागि बजेट विनियोजन गरिने छ ।
- ज्येष्ठ नागरिकहरुको लागि दीर्घरोग तथा आधारभूत स्वास्थ्य परीक्षणको लागि शिविर सञ्चालन गर्ने । सो को लागि बजेट विनियोजन गरिने छ ।
- महिला तथा किशोरकिशोरीहरुको लागि आधारभूत यौन तथा प्रजनन् स्वास्थ्यमा आधारित सरसफाई, लागू पदार्थ दूर्व्यसनी, कूलतमा फस्नबाट रोक्न जीवन उपयोगी सीपमा आधारित तालिम तथा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिने छ । सो को लागि बजेटको व्यवस्था गरिने छ ।
- यस पालिकामा रहेका विभिन्न महिला सञ्जाल, आमा समूह तथा अन्य महिलाहरुको लागि क्षमता अभिवृद्धि, नेतृत्व विकास, प्रस्ताव पत्र लेखन, प्रतिवेदन लेखन लगायतका विशेष तालिम कार्यक्रम सञ्चालन गरिने छ ।
- कृषि लगायत अन्य क्षेत्रमा नयाँ आउने प्रविधिमा महिलामैत्री प्रविधि भित्र्याउने कार्यलाई प्राथमिकता दिईने छ ।
- महिलाको गुणस्तरीय कार्यको लागि कार्यबोझ घटाउने, आम्दानी बढाउने खालका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- किशोरी तथा बालक्लव तथा बाल संगठनहरुको आवश्यकताको आधारमा वडा तथा पालिकास्तरीय नयाँ गठन तथा पुर्नगठन र क्षमता विकास कार्यक्रम सञ्चालन गरिने छ ।
- मनोसामाजिक परामर्शको रुपमा सहजकर्ताको व्यवस्था तथा विद्यालय जाने आकस्मिक महिनावारीलाई सहज बनाउन छात्राहरुलाई निःशुल्क सेनेटरी प्याड उपलब्ध गराउने ।
- लक्षित वर्गको जीवनस्तर सुधारका लागि सीप, पुँजी र प्रविधि उपलब्ध गराउने ।

- लैङ्गिक, यौनिक अल्पसंख्यकहरुको मूलप्रवाहीकरणको लागि ज्ञान, सीप र आयआर्जन वृद्धि कार्यक्रम सञ्चालन गरिनेछ ।
- एकल महिलाहरुको सीप, क्षमता र आयआर्जन वृद्धि गर्ने कार्यक्रमलाई प्राथमिकता दिइने छ ।
- महिला तथा लक्षित वर्गको लागि व्यूटीपार्लर, होजियारी, निगालो, बाँसमा आधारित सामाग्री निर्माण, याताया, मोबाइल, टेलिभिजन, मेशिनरी औजार मर्मत तालिम, मण्टेश्वरी तालिम, ड्राइभिङ, क्याण्डी, आलुचिप्स बनाउने तालिमको व्यवस्था गरिने छ ।
- औषधीजन्य जडिबुटीको उत्पादन, प्रशोधन, भण्डारण, विक्रिवितरणमा जोड दिने तर लोपोन्मुख जडिबुटीको भने संरक्षणमा जोडदिने । स्थानीय जलवायु अनुकुलन कार्ययोजनाको आधारमा जलवायु परिवर्तनको जोखिम न्यूनिकरणका लागि कार्यक्रम सञ्चालन गरिने छ । समुदायको उथान्शीलता विकासका साथै वातावरणमैत्री भौतिक पूर्वाधार विकास गरिने छ ।
- विपद जोखिम न्यूनिकरणको लागि क्षमता विकास कार्यक्रम सञ्चालन गर्ने । पालिकास्तरीय गोदाम घर विपद उद्धार एवं राहत सामाग्रीको पर्याप्त मौज्दात व्यवस्था गरिने छ ।
- स्थानीयस्तरमा रेडियो, अनलाईन पत्रिकाहरुसँग सम्झौता गरी पालिकाका सम्पूर्ण गतिविधि जनतामाझ पुऱ्याउने रेडियो कार्यक्रम सञ्चालन गरिनेछ ।
- पलिकाको हरेक कार्यक्रमको सार्वजनिक, सामाजिक लेखापरीक्षण गरिने छ ।
- न्यायिक क्षेत्रका सूचनालाकई व्यापक र सर्वसाधारणको पहुँचमा पुऱ्याउनका लागि वडास्तरमा विभिन्न उपयुक्त स्थानमा होर्डिङ बोर्ड राख्ने व्यवस्था गरिने छ ।
- स्थानीय समुदायका जनतालाई सूचना, मनोरञ्जन र उपयोगी ज्ञान, सीप प्रवाह गर्नका लागि जिल्लास्थित एफ.एम.रेडियोलाई महत्वपूर्ण माध्यमको रुपमा उपयोग गरिने छ ।
- दोलखा जिल्ला कार्यक्षेत्र बनाएर दोलखा जिल्लामाबाट प्रकाशित तथा प्रसारित रेडियो, अनलाईन न्यूजपोर्टल, पत्रपत्रिका लगायत अन्य प्रकाशन तथा प्रसारण माध्यम सञ्चार माध्यमहरुको र त्यसमा कार्यरत महिला सञ्चारकर्मीहरुको हकहित र क्षमता विकासको लागि लेखनवृत्ति तथा अन्य तालिम, अन्तरक्रिया जस्ता विशेष कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुको क्षमता अभिवृद्धि, नेतृत्व विकास र विषयगत ज्ञानमा बढोत्तरी ल्याउन आवश्यक तालिम तथा लैङ्गिक हिंसा विरुद्ध अन्तर्राष्ट्रियस्तरमा गरिएका प्रतिवद्धताको बारेमा अभिमूखीकरण कार्यक्रम सञ्चालन गरिने छ ।
- स्वास्थ्यचौकी, सामुदायिक स्वास्थ्य ईकाईहरुलाई आधुनिक औजार उपकरण तथा भौतिक पूर्वाधारयुक्त बनाई आवश्यक जनशक्तिको व्यवस्थापन गरी आधारभूत स्वास्थ्य सेवा र स्वास्थ्य संस्थाहरुको संस्थागत क्षमता विकास गरिने छ ।
- **ज्येष्ठ नागरिक हाम्रो छहारी, गरौं एकछिन केही भलाकुसारी**-भन्ने पवित्र उद्देश्यका साथ ज्येष्ठ नागरिकको अनुभव तथा ऐतिहासिक सकारात्मक व्यवहारको आदान प्रदान गर्न, सम्मान प्रकट गर्न प्रत्येक वडामा कम्तीमा एक वडा एक दिवा आश्रय स्थलको स्थापना तथा सञ्चालन गरिने छ । वृद्धाआश्रम भवन निर्माण गर्ने प्रयोजनार्थ आवश्यक प्रकृया अगाडि बढाइने छ ।
- महिला स्वास्थ्य स्वयंसेवीकाको क्षमता अभिवृद्धि गर्न अध्ययन अवलोकन भ्रमण तथा प्रोत्साहनका लागि सम्मान कार्यक्रम सञ्चालन गरिने छ ।
- योजना छनौट प्रक्रियाका चरणमा, कार्यान्वयनको चरणमा, उपभोक्ता समिति गठन, अनुगमन मूल्यांकन तथा लाभको पहुँचसम्म वडा तथा टोलबस्तीसम्म लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई आत्मसात् गर्दै मूलप्रवाहीकरणलाई कार्यान्वयन गर्दै लगिने छ ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, यौनजन्य दुर्व्यवहार, सामाजिक, राजनीतिक हिंसा पीडित तथा प्रभावितहरुको लागि संरक्षणको लागि विशेष नीतिगत व्यवस्था मिलाउनुका साथै लैङ्गिक हिंसा विरुद्ध शून्य सहनशीलता नीति अवलम्वन गरिनेछ ।
- **विगु गाउँपालिकाको सरोकार, महिलालाई अवसर र अधिकार-** भन्ने हाम्रो लक्ष्यलाई साकार पार्न लैङ्गिक समानता, सामाजिक समावेशीकरण तथा सामाजिक न्यायको सुनिश्चिततता

गरिने छ ।

- ज्येष्ठ नागरिक, महिला लक्षित स्वास्थ्य कार्यक्रम प्रत्येक वडामा नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाईने छ ।
- महिलाहरुका लागि सीप, क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरिने छ ।
- घरदैलो अभियान वा घुम्ती शिविर मार्फत ज्येष्ठ नागरिक परिचयपत्र तथा अपांगता परिचयपत्र वितरण कार्यलाई सरल र सहज बनाईने छ ।
- गाउँपालिका क्षेत्रभित्र निर्माण हुने जुनसुकै प्रकृतिका पूवार्धार तथा भौतिक संरचनालाई बाल, अपांगता तथा महिलामैत्री बनाईने छ । साथै शौचालय पनि सोही अनुरुप निर्माण गरिने छ ।
- स्वास्थ्य संस्था तथा पालिकाका सार्वजनिक भवनहरुमा हातधुने पानी, सावुन, पिउने पानी, स्यानीटाइजर आदिको व्यवस्था मिलाईने छ ।
- द्वन्द्व पीडित परिवारका लागि स्वास्थ्य उपचार, सीप, रोजगारी लगायतका कार्यक्रमलाई सञ्चालनमा ल्याईने छ ।
- अपाङ्गता सम्बन्धी जुनसुकै सिफारिस निःशुल्क उपलब्ध गराईने छ । साथै अपाङ्गता भएका व्यक्तिहरुको अधिकारको संरक्षण, सम्वर्द्धन, प्रवर्द्धन तथा सशक्तिकरण गर्न समुदायमा आधारित पुर्नस्थापना कार्यक्रम सञ्चालनलाई निरन्तरता दिइने छ ।
- आदिवासी जनजातिको परम्परादेखि चली आएको ज्ञान, सीप, कला, संस्कृतिको संरक्षण र सम्बर्द्धन गर्न संग्रहालय स्थापना गरिनेछ । लोपन्मुख भाषा तथा लिपीहरूलाई संरक्षण लागि विशेष कार्यक्रममा संचालन गरिने छ। साथै अलिखित रूपमा रहेको सिलोके पालोकेलाई लिखित दस्तावेजिकरण गर्न विशेष कार्यक्रम ल्याइने छ।
- लक्षित वर्ग सुत्केरीको लागी पोषण खर्चको व्यवस्था गरिने छ ।
- लक्षित वर्ग मृत्यु संस्कारका सहयोग गरिने छ ।
- सबै विद्यालयका कक्षा १ देखि ३ सम्मका विद्यार्थीका लागि पोशाकको व्यवस्थापन गरिने छ ।
- सबै माध्यामिक विद्याललाई प्रविधिमैत्री बनाउन संघ तथा प्रदेश सरकारको सशर्त कार्यक्रमसँगै विद्यालयमा इन्टरनेट, सि.सि.टि.भी.तथा तथ्यांक व्यवस्थापनका लागि आवश्यक व्यवस्था मिलाईने छ ।
- विद्यालय तथा गाउँपालिकास्तरीय अतिरिक्त क्रियाकलाप आयोजना गरी विद्यार्थीहरुमा सकारात्मक प्रतिस्पर्धात्मक भावनाको विकासमा जोड दिईने छ ।
- सि.टि.ई.भी.टी तथा प्राविधिक धार तर्फ कक्षा सञ्चालन गरिने छ ।
- शिक्षकहरुको सीप, दक्षता र क्षमता अभिवृद्धिका लागि तालिम तथा सेमिनारको व्यवस्था गरिने छ ।
- शैक्षिक सूचाङ्कामा राम्रो सुधार गर्ने विद्यार्थी, शिक्षक तथा अभिभावकहरुको लागि अध्ययन अवलोकन भ्रमणको लागि आवश्यक व्यवस्था गरिने छ ।
- गाउँपालिका तथा जिल्लास्तरीय परीक्षाहरुमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थी, शिक्षक तथा विद्यालयलाई सम्मान गरिने छ ।
- उच्च शिक्षा तथा आर्थिक सहायता कार्यक्रमलाई निरन्तरता दिईने छ । अति सिमान्तकृत, सिमान्तकृत, दलित समुदायका विद्यार्थीहरुलाई प्राविधिक तथा उच्च शिक्षा हासिल गर्नको लागि छात्रवृत्तिको व्यवस्था गरिने छ ।
- गाउँपालिकाको खेलकुद क्षेत्रलाई सुदृढ गर्न खेल प्रशिक्षकको व्यवस्था गरी पालिकास्तरीय विभिन्न खेलकुद कार्यक्रम आयोजनाको लागि बजेट व्यवस्था गरिने छ ।
- विगु गाउँपालिकाभित्रका विद्यालयहरुको शैक्षिक तथ्यांक संकलन, प्रशोधन, विश्लेषण,

भण्डारण, सार्वजनिकिकरण र प्रयोग गर्ने प्रयोजनका लागि सूचना, सञ्चार तथा प्रविधि ( आईसिटी) मा पहुँच नपुगेका विद्यालयहरुलाई कम्तीमा एक ल्यापटन र प्रिन्टरको व्यवस्था गरी शिक्षकहरुको क्षमता विकास गर्न IEMIS सम्बन्धी तालिम तथा कार्यशालाको व्यवस्था गरिने छ ।

- प्रत्येक विद्यालय शिक्षाको प्रारम्भिक कक्षा बालबिकास केन्द्र भएकोले केन्द्र नभएका विद्यालयहरुको लागि प्रारम्भिक बालकक्षा सञ्चालन गर्न अनुदानको व्यवस्था गरिने छ ।
- प्रत्येक विद्यालयमा बालक्लव, स्काउट तथा जुनियर रेडक्रस सर्कल गठन गर्न लगाई सक्रिय बनाईने छ ।
- विद्यालयको सिकाई उपलब्धी जाँच गर्नका लागि कक्षा ३ र ५ को स्तर मापन परीक्षा सञ्चालन तथा व्यवस्थापन गर्ने व्यवस्था मिलाईने छ ।
- मौजुदा शिक्षक दरबन्दी, विद्यार्थी संख्या र विद्यालयको नक्साङ्कनका आधारमा संघीय शिक्षा ऐन तथा नियमावली बमोजिम दरबन्दी मिलान नभएसम्मको लागि विद्यार्थी संख्याको आधारमा बढी शिक्षक संख्या देखिएको वा विद्यार्थी संख्या न्यून भएका विद्यालयमा कार्यरत शिक्षकलाई अरु विद्यालयको विद्यार्थी शिक्षकको अनुपातलाई मध्यनजर गरी कामकाज गर्न खटाइने छ र शून्य विद्यार्थी भएको विद्यालयको कक्षा घटाइने छ ।
- बालबालिका भर्ना अभियान निरन्तर थप गर्दै लगिने छ ।
- बालकक्षा सहजकर्ता, विद्यालय कर्मचारी र विद्यालय सहयोगी तथा पालिका भित्र रहेका कार्यरत करार तथा अस्थायी कर्मचारीहरुलाई थप तलबको व्यवस्था गरिनेछ ।
- आधारभूत तथा माध्यामिक तहमा शिक्षक दरबन्दी कम भएका विद्यालयलाई गाउँपालिकाले शिक्षण सहयोग अनुदान प्रदान गर्नै आएकोमा प्रदेश तथा संघीय शिक्षण सहयोग अनुदानबाट गणित, अंग्रेजी र विज्ञान विषय शिक्षण गर्न शिक्षकको अभाव पूर्ति भएमा अनुदान कटौती गरी दरबन्दी अभाव भएको विद्यालयलाई अनुदानको व्यवस्था मिलाइनेछ ।
- अपग्रेड भएका विद्यालयलाई आवश्यक दरवन्दी सृजना गरी आवश्यक वजेटको व्यवस्था गरिने छ ।
- एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन पालिकामा सञ्चालित एम्वुलेन्सहरुमा सि.पि.आर.मेशिन जडान तथा तालिमको व्यवस्था गरिने छ ।
- गर्भवती महिलालाई प्रशुती अवस्थामा लामो प्रसव व्यथा लागेर अन्यत्र अस्पतालमा जानुपर्ने भएमा निःशुल्क एम्वुलेन्स सेवा उपलब्ध गराउने व्यवस्था मिलाईने छ ।
- अति विपन्न, आर्थिक अवस्था कमजोर भएका मानिसहरुका लागि आपतकालीन दुर्घटनामा परेको समयमा यथाशिघ्र उद्धार तथा अस्पतालसम्म पुग्न निःशुल्क यातायातको व्यवस्था गरिने छ ।
- विगु, गौरीशंकर र कालिञ्चोक गाउँपालिकाको त्रिपक्षीय सहकार्यमा शव वहान तथा वारुण यन्त्र सञ्चालन गरिने छ ।
- संघीय सरकारबाट सञ्चालित १२/२५ वेड अस्पतालको लागि उचित जग्गा एकिन गरी अस्पताल निर्माण तथा सञ्चालनको लागि आवश्यक व्यवस्था मिलाइनुका साथै विगु अस्पतालमा थप सेवा विस्तारका लागि आवश्यक व्यवस्था मिलाइने छ ।
- बहुक्षेत्रीय पोषण कार्यक्रमको लागि गाउँपालिकाको तर्फबाट आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- विभिन्न आमा समूह, महिला समूह, बालक्लव, यूवाक्लव, किशोरी समूह लगायत गैर सरकारी संस्थाहरुसंग गाउँपालिकाले समन्वय, सहकार्य गरी कार्यक्रम सञ्चालन गरिने छ ।
- महिला तथा बालबालिका खोजतलास, मानसिक सन्तुलन गुमाएका मानिसहरुलाई उद्धार तथा अस्पताल लैजानको लागि विभिन्न सरकारी तथा गैरसरकारी निकायहरुसँग सहकार्यमा काम गर्न आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- सत्तरी वर्ष उमेर पूरा भएका विपन्न ज्येष्ठ नागरिकहरुलाई आफ्नो पायक पर्ने स्वास्थ्यचौकी मार्फत उच्च रक्तचाप, दम तथा दीर्घरोगको औषधी निःशुल्क वितरण गर्ने व्यवस्था मिलाईने

छ ।

- प्रत्येक घरमा एक घर एक धारा अनिवार्य हुनेगरी स्वच्छ नियमित पीउने पानीको आपूर्ति हुनेगरी कार्यक्रम सञ्चालन गरिने छ ।
- वर्तमान तथा भूतपूर्व तथा अन्तर्राष्ट्रिय खेलाडीहरुलाई सम्मान गर्ने संस्कारको थालनी गरिने छ । त्यस्ता खेलाडीहरुमा रहेको ज्ञान, सीप, क्षमताको पूर्ण उपयोग गर्ने नीति लिइने छ ।
- साहित्य, कलाकारिताको संरक्षण, सम्वर्द्धन गर्नका लागि साहित्य, कला एक अनुपम पाठशाला अभियान सञ्चालन गरिने छ । यसका लागि यस क्षेत्रभित्र रहेका साहित्य, कलाकारितासँग सम्बन्धित व्यक्ति तथा संस्थाहरुको प्रतिभा प्रष्फूटन गर्न विभिन्न कथा, कविता, तथा साहित्यिक कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- हालको स्थानीय शिक्षा ऐनमा संशोधनको नीति लिइने छ ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यू,**

अव म पुर्वधार विकास अन्तरर्गत यातायात पूर्वाधार,भवन आवास तथा सहरी विकास ,उर्जा,पुनर्निमार्ण तर्फको नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- सार्वजनिक सवारी साधन चल्ने सडकहरु स्तरोन्नती गरी १२ महिनै यातायात सेवा संचालन योग्य बनाईने छ ।
- पूर्ववत योजना सिन्धुपाल्चोक देखि विगु, चिलंखा,लादुक,लादुक,बुलुङ,ओराङ र लामाबगरसम्म सडक सञ्चालनमा जोडिने छ ।
- गाउँपालिकाको सम्पूर्ण वडाहरुलाई सडक सञ्जालमा जोडिने छ ।
- वडा नं १ र ८ मा वडा  कार्यालय भवन निर्माणका लागी आवश्यक बजेट विनियोजन गरिने छ ।
- निर्माणाधिन गाउँपालिकाको प्रशासकीय भवन निर्माण कार्य सम्पन्न गरी सेवा सुचारु गरिने छ ।
- निर्माणाधिन झोरुङ खोला मोटरेवल पूलको निर्माण कार्य सम्पन्न गरी निरन्तर यातायात सेवा सुचारु गरिने छ ।
- निर्माणाधिन विगु पोलिटेक्निक इन्स्टिच्युटको भवन निमार्ण सम्पन्न गर्न आवश्यक बजेट विनियोजन गरिनेछ ।
- साधारण निर्माण, विपद, दैवि प्रकोप, तथा सार्वजनिक निर्माण प्रयोजनार्थ निर्माण उपकरण खरिद तथा उपकरण चालु हालतमा राख्ने व्यवस्था मिलाईने छ ।
- खेल मैदान तथा बसपार्क निर्माण तथा संचालनको लागी आवश्यक बजेटको व्यबस्था गरिने छ ।
- बहुबर्षिय सबै योजनाहरु सम्पन्न गर्नको लागी आवश्यक बजेटको व्यवस्था गरिने छ ।
- कृषि तथा पशुपालनका लागी आवश्यक सम्पूर्ण ग्रामीण सडकहरुको निमार्ण तथा स्तरउन्नोती गरिने छ ।
- पहिरोले क्षति पुर्‍याउन सक्ने झोलुङ्गे पूल, मोटरेवल पूलको निर्माण तथा स्तरोन्नती गरिने छ । उधान तथा बहृउद्देश्यीय पार्क निमार्ण गरिने छ । जसका लागी आवश्यक बजेटको विनियोजन गरिने छ ।
- गाउँपालिकाभित्रका खनिज जन्य स्लेट ढुङ्गाको प्रवर्द्धन गरिने छ ।
- विशेषत : आलम्पु चिलंखा र देउलाङ्गमा स्लेट खानी उत्खननको लागी EIA/IEE मार्फत अनुसन्धान गरिने छ ।
- EIA तथा IEE सम्बन्धि सेवा तथा परामर्श कार्यको लागी आवश्यक बजेटको व्यवस्था गरिने छ ।

- जलवायु परिवर्तन र त्यसको जोखिम न्यूनिकरणका लागी अभिमुखीकरण कार्यक्रम संचालन गरिनेछ ।
- प्रधानमन्त्री रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउन गाउँपालिकाबाट आवश्यक बजेटको व्यवस्था गरिने छ ।

**सभाध्यक्ष महोदय तथा गाउँसभा सदस्यज्यूहरु ,**

अव सूचना प्रविधि, संचार तथा विद्युतीय सुशासन, सार्वजनिक सेवम प्रवाह ऐन एवम् संथागत विकास सम्बन्धि नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहान्छु ।

- विगु गाउँपालिकामा सूचना प्रविधि क्षेत्रको दिर्घकालिन विकासका लागी Bigu ICT Master Plan बनाई Smart Bigu को आधार तयार गरिने छ ।
- गाउँपालिका केन्द्रमा एक सूचना प्रविधि केन्द्र स्थापना गरिने छ । जसलाई निरन्तर सुदृढीकरण गर्दै आगामी दिनमा सुचना प्रविधि सम्बन्धि अनुसन्धान तथा विकास केन्द्र रुपमा संचालनको लागी आधार तयार गरिने छ ।
- विगु गाउँपालिकाको प्रत्येक वढा कार्यालाय,सामुदायिक तथा प्राविधिक विद्यालय,स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाईहरुमा द्रुत गतिको फाईबर ईन्टरनेट जडान कार्य यसै वर्ष सुरु गरिएकोमा आगामी वर्ष सम्पन्न गरिने छ । स्थानीय स्तरमा सर्वसाधरणहरुका लागी समेत फाईवर ईन्टरनेट प्रयोग गर्न पाउने आवश्यक प्रवन्ध मिलाईने छ ।
- ईन्टरनेट तथा सामाजिक सञ्जालको दुरुपयोगलाई न्यूनिकरण गर्न नीतिगत व्यवस्था गरिनेछ ।विभिन्न निकायहरुसँगका् सहकार्यमा साईवर सुरक्षा ( Cyber Security) तथा डिजिटल साक्षरता (Digital Literacy) सम्बन्धि मूलत : विद्यालय, निर्वाचित जनप्रतिनिधि, कर्मचारी लगायत समुदायस्तरमा सुसुचित अभियान संचालन गरिने छ ।
- राष्ट्रसेवक कर्मचारीहरुमा सूचना प्रविधि सम्बन्धि आवश्यक सीप तथा क्षमताको विकास गरी पालिकाको समग्र सेवा प्रणालीलाई प्रविधिमैत्री बनाईनेछ । सार्वजनिक सेवा प्रवाह चुस्त दुरुस्त बनाईने छ । कर्मचारीहरुको कार्य सम्पादनको आधारमा प्रोत्साहनको कार्यक्रम ल्याईने छ ।
- गाउँपालिका प्रवेश गर्ने मुख्य नाकाहरु, विभिन्न कार्यालयहरु,मुख्य सार्वजनिक स्थलहरुमा CCTV जडान गरी सुरक्षा निगरानी कार्यलाई थप मजबुत बनाईने छ ।
- गाउँपालिका कार्यालयमा Video Conference सहितको प्रविधि जडान गरी Virtual Meeting को लागी आवश्यक प्रबन्ध मिलाईने छ ।
- गाउँपालिकामा DATA CENTER स्थापना गर्ने उदेश्यका साथ Centralized Server को निरन्तर संचालन तथा सुढृढीकरण गर्दै प्रविधिमैत्ती बनाईने छ ।
- Intranet जडान गर्न बाँकी वडाहरुलाई Intranet को माताहतमा ल्याई स्रोत साधनको आदान प्रदान ,सेवा प्रवाह प्रविधिमा एक रुपता ल्याईने छ ।

**विविध तर्फ**

- न्यायिक समितिको कार्य सम्पादनलाई चुस्तदुरुस्त बनाउन आवश्यक बजेट विनियोजन गरिने छ ।

- गाउँ पालिकाको पार्श्वचित्र अद्यवधिक गरी आवधिक योजना तर्जुमा गरिने छ ।
- यस क्षेत्र भित्रका सहकारी संस्थाहरु सहकार्य साझेदारी गर्दै सहकारी संस्थाको संस्थागत सुदृढिकरण ,क्षमता विकास र सहकारी सुशासन कायम गर्न आवश्यक कार्यहरु संचालन गरिने छ ।
- उपभोक्ता अधिकारको संरक्षण गर्न आवश्यक मापदण्ड बनाई कार्यन्वयन गरिने छ ।
- लागु औषधी ,जुवा तास तथा मदिराको प्रयोग,वितरण र उपभोगलाई नियन्त्रण तथा व्यवस्थापनको लागी नीतिगत व्यवस्था गरिने छ ।
- टोल टोलको जनतासँग अध्यक्ष कार्यक्रम तथा जनतासँग उपाध्यक्ष मार्फत जन गुनासो र पिर मर्कालाई जनताकै आँगनमा गएर सुन्ने र सुनुवाई गर्ने व्यवस्थालाई निरन्तरता दिईने छ ।
- गाउँपालिकाबाट संचालन हुने योजना तथा कार्यक्रमलाई दिगो विकास, वातावरण मैत्री र गुणस्तरीय बनाई उपभोक्ता समितिबाट हुने कामलाई छिटो छरितो प्रभावकारी बनाउन प्रत्येक वडामा अभिमुखीकरण कार्यक्रम संचालन गरिने छ ।
- स्थानिय तहहरु विच असल अभ्यास तथा मित्रवत सम्बन्ध स्थापित गरी पारस्पारिक एकतालाई प्रवर्द्धन गर्न भगिनी सम्बन्ध कायम गरिने छ ।
- निजी क्षेत्र, गैरसरकारी क्षेत्र र सुरक्षा निकायसँगको सहकार्य र समन्वयमा जंगली जनावरबाट हुने मानविय तथा वालीजन्य क्षतिपुर्तिको लागी आवश्यक व्यवस्था मिलाउन संरक्षण क्षेत्रसँग सहकार्य गरिने छ ।
- आगामी वर्षमा प्याराग्लाईडिङको सम्भाव्यता अध्ययन तथा परिक्षण गरिनेछ ।
- गाउँपालिका क्षेत्रभित्रका बजार क्षेत्रको अनुगमनको कार्यलाई चुस्तदुरुस्त बनाईने छ ।

**आदरणीय सभाध्यक्षज्यू तथा आदरणीय सदस्यज्यूहरु**

**"समृद्ध नेपाल र सुखी नेपाली"** को राष्ट्रिय आकाङक्षा पुरा गर्न विगुगाउँपालिका समेत दृढ र प्रतिवद्ध छ । यो नीति तथा कार्यक्रमको कार्यन्वयनमा यस गाउँपालिकालाई सबैबाट पूर्ण सहयोग हुने विश्वास व्यक्त गर्दछु । गाउँ सभाका सभाध्यक्ष,सभा सदस्यज्यूहरु लगायत सवैलाई स्थानिय कानुन निमार्ण र पालिकाको विकासमा देखाउनु भएको चासो र सुझावको लागी धन्यवाद दिन चाहन्छु । अन्त्यमा यस गाउँपालिकाको समग्र विकासमा योगदान पुर्‍याउने राजनीतिक दल, राष्ट्रसेवक, निजी सहकारी र सामुदायिक क्षेत्र, श्रमिक वर्ग, नागरिक समाज,आमसञ्चार लगायत सम्पूर्ण दिदि बहिनी तथा दाजुभाईहरुमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु साथै सबै क्षेत्र, वर्ग जातजातीलाई विकासको मूल प्रवाहमा समावेश गरी आपसी एकता र पारस्पारिकता कायम राखी समृद्ध र सुखी विगु निमार्ण गर्न यस नीति तथा कार्यक्रमले पर्याप्त मार्ग दर्शन र आधार प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु ।यस नीति तथा कार्यक्रमलाई सफल बनाउन सबैमा हार्दिकता पूर्वक अनुरोध गर्दछु ।

**धन्यवाद !**

**प्रस्तुतकर्ता**
**देविका थामी**
**उपाध्यक्ष**